जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९
# राजविराज दैनिक
स.नि.वि.का.द.नं. ५/०६४/०६५
वर्ष ३६ अंक २५ २०८३ साल साउन ३० गते शनिबार (15 Aug 2026 Saturday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु-क्षयबाट बचौं र बचाऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वस्तुनिष्ठताको कसीमा... ३ पृष्ठमा : 'मेलमिलाप'लाई प्रोत्साहन गर्न ... ३ पृष्ठमा श्रीलङ्कामा एक हजारभन्दा ...

# तालिममा प्राप्त ज्ञान, छिमेकीलाई जोगाउन लाग्यो काम



मुखियाको उद्धारमा गरेको कार्य अनुभव सुनाउँदै मिना । *तस्बिर : राजविराज दैनिक*

**विकेएलके**
**राजविराज, २९ साउन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ टिकुलियाकी ३५ वर्षीया मिना देवी यादवका लागि विपद् व्यवस्थापन सम्बन्धी तालिम केवल सिकाइमा सीमित रहेन । तालिममा सिकेको सीप व्यवहारमा उतार्दै उनले करेन्ट लागेर बेहोस भएका आफ्नै छिमेकीको ज्यान जोगाउन महत्वपूर्ण भूमिका निर्वाह गरिन् ।

२०८२ माघ महिनाको घट्ना हो । दिउँसो करिब ४ बजेको थियो । मिना घरमा भाँडा माझिरहेकी थिइन् । त्यही बेला छिमेकी 'सुखचैन मुखिया' खेतमा मोटर चलाएर पानी पटाउँदै थिए । विद्युत् प्रवाह भइरहेको नाङ्गो तारमा उनको खुट्टा छोइएपछि उनलाई अचानक करेन्ट लाग्यो र मुखिया चिच्याउँदै बेहोस भए ।

छिमेकीलाई करेन्ट लागेको आवाज सुन्नासाथ मिना घरको काम छाडेर घटनास्थल तर्फ दौडिइन् । त्यहाँ पुग्दा मुखियालाई करेन्ट लागेर बेहोस अवस्थामा थिए । उद्धारका क्रममा स्थानीय उमेश मुखिया पनि आइपुगे । तालिममा सिकेको सावधानी अपनाउँदै उनले सुकेको बाँसको प्रयोग गरेर विद्युत् लाइन काटे । त्यसपछि मात्र मुखियालाई उनीहरुले सुरक्षित रुपमा उद्धार गरे ।

"मुखियालाई करेन्ट लागेर चिच्याएको आवाज सुन्ने बित्तिकै उद्धार गर्न घटनास्थलमा पुगें । त्यसबेला सम्म तालिम लिएका स्थानीय उमेश मुखिया पनि आइपुगेका थिए । उनले सुकेको बाँस प्रयोग गरेर लाइन काटे" मिना सम्झिन्छिन् ।

विद्युतको सम्पर्कबाट छुटाएपछि मिनाले तालिममा सिकेको प्राथमिक उपचार सम्बन्धी सीप प्रयोग गरिन् । उनले मुखियाको अवस्था जाँच गरी आवश्यक प्राथमिक

*बाँकी अन्तिम पृष्ठमा*

# पत्रकार श्रेष्ठलाई सोमबार अदालतमा उपस्थित गराउन आदेश

काठमाडौं, २९ साउन (रासस) ।

सर्वोच्च अदालतले जनआस्था साप्ताहिकका प्रधान सम्पादक किशोर श्रेष्ठलाई सोमबार अदालतमा उपस्थित गराउन प्रहरीलाई आदेश दिएको छ ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले उहाँलाई अदालतमा उपस्थित गराउन आदेश दिएको हो ।

पत्रकार श्रेष्ठका तर्फबाट उहाँकी श्रीमती सरस्वती श्रेष्ठले बिहीबार थुनामुक्त गर्न माग गर्दै बन्दीप्रत्यक्षीकरण रिट दायर गर्नुभएको थियो । रिटमा बिनाआधार पक्राउ गरिएको भन्दै उहाँलाई थुनामुक्त गर्न माग गरिएको छ ।

बुधबार राति पत्रकार श्रेष्ठलाई पक्राउ गरिएको थियो । काठमाडौं जिल्ला अदालतले बिहीबार उहाँलाई प्रहरी हिरासतमा राख्न तीन दिनको अनुमति दिएको छ ।

# मधेश सरकारद्वारा १० प्रतिशत वृद्धि गरिएको कर्मचारीहरुको तलब बढाउने लगायत पाँच वटा निर्णय

**दैनिक समाचारदाता**
**जनकपुर, २९ साउन ।**

मधेश प्रदेश सरकारले प्रदेशको समग्र विकास, प्रशासनिक सुदृढीकरण, निजामती कर्मचारीहरूको सेवा सुविधा तथा कृषि र खाद्य सुरक्षाका क्षेत्रमा अल्पकालीन र दीर्घकालीन असरहरूसँगै समसामयिक विषयमा छलफल गरी १० प्रतिशत वृद्धि गरिएको कर्मचारीहरुको तलब बढाउने लगायत पाँच वटा निर्णय गरेको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवको नेतृत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश भवनमा बसेको बैठकले ती निर्णयहरु गरेको हो ।

बैठकले कृषि तथा खाद्य प्रणाली रूपान्तरणसम्बन्धी जलवायु अनुकूलन लगानी योजना 'Climatic Adaptation



Investment Planning for Climate Resilient Value Chains for Food System Transformation in Madhesh Province, Nepal' अध्ययन प्रतिवेदनलाई सर्वसम्मतिले अनुमोदन गरेको छ ।

प्रतिवेदनका निष्कर्ष तथा रणनीतिहरू कार्यान्वयनमा ल्याउन र सार्वजनिक पहुँचका लागि आधिकारिक रूपमा

*बाँकी तीन पृष्ठमा*

# बाबाधाम गएका तीर्थयात्री सवार बस दुर्घटना, तीन तीर्थयात्रीको मृत्यु, १२ घाइते

**दैनिक समाचारदाता**
**रौतहट, २९ साउन ।**

बोलबम यात्राका क्रममा भारतको झारखण्डस्थित बाबाधामतर्फ गएका रौतहट गरुडाका तीर्थयात्री सवार बस शुक्रबार बिहान दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ ।

झारखण्डको सतगावाँ क्षेत्रमा ट्रकसँग ठोक्किएर बसमा सवार तीर्थयात्री गरुडा नगरपालिका-६ का ६० वर्षीय नवलकिशोर जयसवाल र निजकी श्रीमती सुन्दरबाला देवी तथा १२ वर्षीय शिवम महतोको मृत्यु भएको हो ।

गरुडा नगरपालिका-६ का वडाध्यक्ष रामबाबु चौधरीले बस दुर्घटनामा परी आफ्ना गाउँका तीन जना तीर्थयात्रीको मृत्यु भएको र १५ जना जति घाइते भएको जानकारी दिए । उनका अनुसार बसमा करिब ४५ जना नेपाली तीर्थयात्री रहेको र घाइतेहरूको झारखण्डअन्तर्गत सतगावाँस्थित स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

दुर्घटनामा परी मृत्यु तथा घाइते हुने अधिकांश तीर्थयात्री गरुडा-६ पोठियाहीका बासिन्दा रहेका छन् । बस दुर्घटनामा परेको जानकारी पाउनासाथ मृतक तथा घाइतेका आफन्तजन घटनास्थलतर्फ गएको र गरुडा-६ स्थित पोठियाही गाउँ अहिले शोकमा डुबेको वडा अध्यक्ष चौधरीले जानकारी दिए ।

सोही घटनाका विषयमा जानकारी दिनुहुँदै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक सीताराम रिजालले पाँच दिनअघि बाबाधाम प्रस्थान गरेका धार्मिक तीर्थयात्री सवार बस शुक्रबार बिहान झारखण्डको सतगावाँ क्षेत्रमा ट्रकसँग ठोक्किदा तीन जनाको मृत्यु र १२ जना घाइते भएको बताए ।

उनले मृतकको शव नेपाल ल्याउन र घाइते तीर्थयात्रीको उपचारको व्यवस्था मिलाउन झारखण्डस्थित प्रहरी संयन्त्रसँग पहल गरिएको र आवश्यक देखिए घटनास्थलतर्फ जाने तयारीसमेत भइरहेको जानकारी दिए ।

**भू-संरक्षणमा ध्यान दिऔं**

- ❖ भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- ❖ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- ❖ भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- ❖ विना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- ❖ भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- ❖ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- ❖ भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

# वस्तुनिष्ठताको कसीमा शैक्षिक परामर्श सेवा

**उमेश ढुङ्गेल**

काठमाडौं, २९ साउन (रासस)।

प्रस्तावित शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ ले वैदेशिक अध्ययनमा जाने विद्यार्थी, अभिभावक र शैक्षिक परामर्श सेवा प्रदान गर्ने संस्थाहरुबीच विभिन्न कोणबाट बहस र छलफल भएका छन्। खासगरी बहसमा धरौटी, शैक्षिक परामर्श सेवाका लागि त्यति आवश्यक नदेखिने पूर्वाधार, ग्रेडिङ, परामर्शदाताको आफ्नो नियन्त्रण र क्षमताभन्दा बाहिर जाने आर्थिक तथा मानसिक क्षतिपूर्तिको दायित्व र शाखा कार्यालयजस्ता विषय उठेका छन्।

यीमध्ये कतिपय विषयमा पर्याप्त छलफल र पुनर्विचारको आवश्यकता देखिन्छ तर यी विषयमा प्रवेश गर्नुअघि एउटा आधारभूत प्रश्नबाट छलफल सुरु गर्नु उचित हुन्छ आखिर परामर्श भनेको के हो ? परामर्श भनेको कसैको ठाउँमा निर्णय गरिदिने काम होइन। कुनै व्यक्तिको अवस्था, क्षमता, रुचि, आवश्यकता, विकल्प, जोखिम र सम्भावित परिणामलाई बुझेर सत्यापनयोग्य सूचना, विवेकपूर्ण विश्लेषण र पेशागत मार्गदर्शनमार्फत उसलाई आफ्नै जीवनबारे सही र सूचित निर्णय लिन सक्षम बनाउने प्रक्रिया नै परामर्श हो। विद्यार्थीको आवश्यकता, क्षमता, रुचि, आर्थिक अवस्था र भविष्यको लक्ष्यअनुसार उपलब्ध विकल्प पहिचान गर्नु, ती विकल्पका अवसर र सीमाबारे वस्तुगत जानकारी दिनु, सम्भावित जोखिमबारे सचेत गराउनु र अन्ततः विद्यार्थीलाई आफ्नै निर्णय लिन सक्षम बनाउनु नै परामर्शको मूल जिम्मेवारी हो। यसैले शैक्षिक परामर्शलाई विद्यार्थीलाई कुनै देश, विश्वविद्यालय वा पाठ्यक्रममा पठाउने भर्नाकेन्द्रित गतिविधिमा मात्र सीमित गर्नु यसको वास्तविक प्रकृतिलाई साँघुरो बनाउनु हो।

शैक्षिक परामर्श मूलतः विद्यार्थीको शैक्षिक पृष्ठभूमि, क्षमता, रुचि, भविष्यको आकाङ्क्षा, आर्थिक अवस्था र उपलब्ध शैक्षिक अवसरबीच उचित सम्बन्ध पहिचान गर्ने ज्ञानमा आधारित पेशागत सेवा हो। त्यसैले परामर्शदाताको मूल्य कार्यालयको आकार वा विद्यार्थीको सङ्ख्याले मात्र होइन, उसले दिने सूचनाको गुणस्तर, विश्लेषण गर्ने क्षमता, पेशागत दक्षता र विद्यार्थीप्रतिको जिम्मेवारीले निर्धारण गर्नुपर्छ। परामर्शदाताको काम विद्यार्थीको निर्णय आफ्नो हातमा लिनु होइन, उसलाई अझ राम्रो निर्णय गर्न सक्षम बनाउनु हो।

**विद्यार्थी र अभिभावकको जिम्मेवारिता**

आजको विश्वमा शैक्षिक अवसर र सूचना विद्यार्थीको पहुँचमा पहिलेभन्दा धेरै सहज भएका छन्। विश्वव्यापी शैक्षिक गतिशीलताको अवसरलाई उपयोग गर्दै विद्यार्थी र अभिभावक स्वयं पनि सचेत हुन आवश्यक छ। आफूले प्राप्त गरेको सूचना सकेसम्म सत्यापन गर्ने, विभिन्न विकल्पबीच तुलना गर्ने, प्रश्न गर्ने र आवश्यक परे थप जानकारी खोजेर मात्र निर्णय गर्ने संस्कार विकास हुनुपर्छ।

सही परामर्श लिनु परामर्शदाताको मात्र जिम्मेवारी होइन। सही सूचना खोज्नु, बुझ्नु र सोचेर निर्णय गर्नु विद्यार्थी तथा अभिभावकको पनि जिम्मेवारी हो। समय लिएर सूचना परीक्षण गरी निर्णय गर्दा हतारमा निर्णय गर्नुपर्ने अवस्था कम हुन्छ। प्रस्तावित नियमावलीमा विद्यार्थी र अभिभावकको भूमिकालाई पनि स्पष्ट रूपमा सम्बोधन गर्न आवश्यक देखिन्छ। विद्यार्थी केवल सेवा प्राप्त गर्ने व्यक्ति होइन; आफ्नो भविष्यसँग सम्बन्धित निर्णयको प्रमुख सरोकारवाला हो। अभिभावक पनि आर्थिक, पारिवारिक र सामाजिक पक्षसँग जोडिएको महत्वपूर्ण पक्ष हुन्। यी दुवैलाई सचेत र जिम्मेवार सरोकारवालाका रूपमा स्थापित गर्न सकिएमा परामर्श प्रक्रिया अझ स्वस्थ र सन्तुलित बन्न सक्छ।

**नियमावलीको आवश्यकता किन ?**

एउटा विद्यार्थीले गलत सल्लाह पाउँदा समस्या उसको शैक्षिक भविष्यमा मात्र सीमित हुँदैन। त्यसले परिवारको ठूलो आर्थिक लगानी, अध्ययनको दिशा, करियर, व्यक्तिगत आत्मविश्वास र भविष्यका अवसरसम्म असर पार्न सक्छ। यही कारणले शैक्षिक परामर्श क्षेत्रमा नियमावली अत्यावश्यक छ। विद्यार्थी र परामर्शदाताबीच सूचना, ज्ञान, अनुभव र प्रभावको समानता हुँदैन। विद्यार्थीले परामर्शदाताले दिएको सूचनामाथि विश्वास गरेर आफ्नो जीवनको महत्वपूर्ण निर्णय गर्न सक्छ त्यसैले यो सम्बन्ध सामान्य व्यापारिक कारोबारभन्दा बढी संवेदनशील हुन्छ। प्रस्तावित नियमावलीमा परामर्शदाता, विद्यार्थी तथा अभिभावक, नेपालमा रहेका वा विदेशमा रहेका शैक्षिक प्रदायक तथा विश्वविद्यालय, सम्बन्धित सरकारी निकाय र अन्य प्राथमिक सरोकारवालाको भूमिका, जिम्मेवारी, अधिकार, सीमा र उत्तरदायित्व स्पष्ट रूपमा निर्धारण गर्न सकिएमा धेरै सम्भावित समस्या समाधान गर्न सकिन्छ।

कम्तीमा पनि परामर्शदाताले सही र प्रमाणित सूचना दिने, गोपनीयता कायम गर्ने, स्वार्थको द्वन्द्व भए खुलासा गर्ने, सत्य र गैरभ्रामक प्रचार गर्ने, आफ्नो पेसागत क्षमताको सीमाभित्र रहेर सेवा दिने, आवश्यक अभिलेख राख्ने, विद्यार्थीको स्वायत्तताको सम्मान गर्ने र विद्यार्थीको हितलाई व्यावसायिक स्वार्थभन्दा माथि राख्ने दायित्व नियमावलीमा स्पष्ट हुनुपर्छ। परामर्शदाताले आफूलाई थाहा नभएको कुरा थाहा भएजस्तो गर्नु हुँदैन। कुनै संस्थाको कमजोरी थाहा हुँदाहुँदै लुकाउनु हुँदैन। 'कमिसन' वा अन्य व्यावसायिक लाभका कारण विद्यार्थीका लागि अनुपयुक्त विकल्पलाई उपयुक्त भनेर प्रस्तुत गर्नु हुँदैन। विद्यार्थीको निर्णयक्षमतामाथि आफ्नो व्यावसायिक स्वार्थका कारण प्रभाव पार्नु हुँदैन त्यसैले नियमावली पेशालाई अनावश्यक नियन्त्रण गर्ने अतिरिक्त बोझ होइन; पेशागत विश्वासलाई संस्थागत गर्ने आधार हुनुपर्छ।

**स्पष्ट भूमिकाको खाँचो**

परामर्शदाताले विद्यार्थीलाई सही सूचना दिन सक्छ, उपयुक्त पाठ्यक्रम छनोटमा सहयोग गर्न सक्छ र सत्यमा आधारित प्रचार गर्न सक्छ। तर अफर लेटर, विश्वविद्यालयको प्रवेश निर्णय, भिसा, अध्यागमन, विदेशी कानुन, दूतावासको निर्णय वा विद्यार्थी विदेश पुगेपछिको व्यक्तिगत व्यवहार परामर्शदाताको पूर्ण नियन्त्रणमा हुँदैन। यही कारणले परामर्शदाताको कर्तव्य र उसको नियन्त्रणको सीमा स्पष्ट नभई केवल परिणामका आधारमा दायित्व निर्धारण गर्नु न्यायोचित हुँदैन।

परामर्शदाताले कुनै विश्वविद्यालय वा कलेजको अफर लेटरको ग्यारेन्टी गर्न सक्दैन। उसको मुख्य भूमिका विद्यार्थीलाई करियर मार्गदर्शन, शिक्षा प्रणाली, पाठ्यक्रम, संस्थागत आवश्यकता, भिसा प्रक्रियासम्बन्धी उपलब्ध जानकारी, सम्बन्धित देशको अर्थतन्त्र, भूगोल, जलवायु तथा अन्य सान्दर्भिक विषयमा सही र वस्तुगत जानकारी उपलब्ध गराउनु हो। अन्तिम निर्णय सम्बन्धित शैक्षिक संस्था वा सरकारी निकायले गर्ने हो त्यसैले कर्तव्यसँगै नियन्त्रणको सीमा र उत्तरदायित्वको सीमा पनि स्पष्ट हुनुपर्छ। कुनै परामर्शदाताले विद्यार्थीलाई नबुझी, उसको क्षमता र हितविपरीत, केवल आफ्नो व्यावसायिक स्वार्थका कारण कुनै विकल्प जबर्जस्ती थोपर्छ भने त्यो परामर्शको मूल मर्मविपरीत हुन्छ।

**कस्तो नियमन आवश्यक ?**

नेपालको संविधानले पेसागत स्वतन्त्रता र सार्वजनिक हितबीच सन्तुलन खोज्ने आधार दिएको छ। धारा १७ (२) (च) ले पेसा, रोजगार, उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतालाई मौलिक हकका रूपमा स्वीकार गरेको छ भने कानुनद्वारा उचित शर्त वा योग्यता निर्धारण गर्न सकिने आधार पनि रहेको छ। त्यसैले संवैधानिक प्रश्न 'नियमन गर्न मिल्छ कि मिल्दैन' मात्र होइन। नियमनको उद्देश्य, कानुनी आधार, आवश्यकता, औचित्य र त्यसबाट सिर्जना हुने भारबीच उचित सम्बन्ध छ कि छैन भन्ने पनि हो। त्यसैगरी, संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई संवैधानिक संरक्षण दिएको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ ले पनि गुणस्तरीय सेवा, छनोट, सूचना तथा अनुचित व्यापारिक अभ्यासविरुद्धको संरक्षणलाई महत्व दिएको छ। त्यसैले गलत सूचना दिने, विद्यार्थीलाई झुक्याउने वा जानाजानी अनुचित व्यावसायिक अभ्यास गर्ने संस्था वा व्यक्तिमाथि प्रभावकारी कारबाही हुनु आवश्यक छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अन्तर्गत ठगीका लागि धोका, बेइमानी वा झुक्याई हानी पुर्याउने वा अनुचित लाभ प्राप्त गर्ने तत्व आवश्यक हुन्छ। असल नियतले दिइएको पेसागत परामर्श सफल नभएको अवस्था र जानाजानी गरिएको ठगी वा गलत प्रस्तुतीकरणलाई एउटै स्तरमा राख्नु उचित हुँदैन। त्यस्तै, मुलुकी देवानी संहिता, २०७४ को दायित्वसम्बन्धी व्यवस्थाले पनि कर्तव्य र दायित्वबीच सम्बन्ध स्थापित गर्छ। दफा ४९३, ४९५, ४९९ र ५०० का व्यवस्थाबाट हेर्दा जसको जुन दायित्व हो, त्यही आधारमा त्यसको पालना र त्यसबाट उत्पन्न हुने हानीनोक्सानीको उत्तरदायित्व निर्धारण हुने आधार देखिन्छ। यही दृष्टिले प्रस्तावित नियमावली, २०८३ लाई हेर्दा यसको उद्देश्यप्रति असहमति गर्नुपर्ने कारण छैन। विद्यार्थीको हित संरक्षण, सेवा गुणस्तर, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु राज्यको वैध जिम्मेवारी हो तर उद्देश्य राम्रो हुँदैमा उद्देश्य प्राप्त गर्ने प्रत्येक माध्यम स्वतः उचित हुन्छ भन्ने हुँदैन।

**धरौटी र ग्रेडिङको प्रश्न**

प्रस्तावित नियमावलीमा २५ लाख रुपैयाँ धरौटीको विषयमा बहस गर्दा 'धरौटी चाहिन्छ' वा 'चाहिँदैन' भनेर मात्र निष्कर्षमा पुग्नु पर्याप्त हुँदैन। वास्तविक प्रश्न हो २५ लाख नै किन ? यसले कुन पहिचान गरिएको जोखिमलाई सम्बोधन गर्छ ? विद्यार्थीको आर्थिक सुरक्षा, क्षतिपूर्ति, सेवा गुणस्तर वा अन्य कुनै नियामक उद्देश्य ? यदि विद्यार्थीको सुरक्षा मुख्य उद्देश्य हो भने त्यसका लागि अन्य कम भार पर्ने विकल्प पनि हुन सक्छन् कि सक्दैनन् भन्ने विषयमा अध्ययन आवश्यक हुन्छ। बीमा, बैङ्क ग्यारेन्टी, संरक्षण कोष वा अन्य जोखिममा आधारित व्यवस्थाजस्ता विकल्पले पनि सोही उद्देश्य पूरा गर्न सक्छन् भने तिनको तुलनात्मक अध्ययन गर्नु नियमनलाई कमजोर बनाउनु होइन; अझ प्रभावकारी बनाउनु हो।

ग्रेडिङको अवधारणा आफैँमा गलत होइन तर त्यसका वस्तुगत मापदण्ड, निर्णय प्रक्रिया, कारणसहितको निर्णय, पुनरवलोकन तथा अपिलको अधिकार स्पष्ट हुनुपर्छ। नत्र गुणस्तर सुधारका लागि ल्याइएको प्रणाली प्रशासनिक विवेकाधिकारको माध्यम बन्न सक्ने जोखिम रहन्छ। सबैभन्दा महत्वपूर्ण कुरा पहिले अधिकार र जिम्मेवारी, त्यसपछि दायित्व र सजाय हुनुपर्छ। कानुनी भूमिका नै स्पष्ट नभएको अवस्थामा धरौटी, क्षतिपूर्ति, इजाजत रद्द वा अन्य कठोर दायित्व निर्धारण गर्दा कानुनी निश्चितता र न्यायोचितताको प्रश्न उठ्न सक्छ।

**अबको बहस विद्यार्थी केन्द्रित**

अबको बहस 'नियमावली चाहिन्छ कि चाहिँदैन ?' भन्ने तहमा रोकिनु हुँदैन। नियमावली चाहिन्छ तर कस्तो नियमावली चाहिन्छ भन्ने प्रश्न अझ महत्वपूर्ण छ। अहिलेको अवसरलाई विद्यार्थीकेन्द्रित करियर मार्गदर्शन, जिम्मेवार परामर्श सेवा र सचेत अभिभावक निर्माण गर्ने अवसरका रूपमा लिन सकिन्छ। यसका लागि नियमावली निर्माण वा संशोधनको प्रक्रियामा विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र सम्बन्धित सरकारी निकायजस्ता सरोकारवालाको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ।

नियमावलीले विद्यार्थीलाई केवल सम्झौता गराउने होइन, उसलाई सही सूचना र स्वतन्त्र निर्णयको अधिकार सुनिश्चित गराउनुपर्छ, जसले परामर्शदातालाई मात्र उत्तरदायी बनाउने होइन, सूचना उत्पादन र प्रवाहमा संलग्न सबै पक्षको भूमिका स्पष्ट गरोस्। गलत गर्ने व्यक्तिमाथि प्रभावकारी कारबाही गरोस् तर असल नियतले आफ्नो पेसागत कर्तव्य पूरा गर्ने व्यक्तिलाई आफ्नो नियन्त्रणबाहिरको परिणामको दोषी नबनाओस्। शैक्षिक परामर्शलाई व्यवसायबाट पूर्णरूपमा अलग गर्न खोज्नु पनि व्यावहारिक हुँदैन। कार्यालय, कर्मचारी, प्रविधि, तालिम र सेवा सञ्चालनका लागि आर्थिक स्रोत आवश्यक हुन्छ। आम्दानी हुनु आफैँमा गलत होइन। गलत त्यतिबेला हुन्छ, जब आम्दानीले पेसागत निर्णयलाई निर्देशित गर्न थाल्छ।

विद्यार्थीका लागि अनुपयुक्त विकल्प केवल बढी कमिसन आउने कारणले उपयुक्त बनाइन्छ भने त्यहाँ परामर्श क्रमशः बिक्री प्रणालीमा बदलिन सक्छ। यही जोखिम रोक्न ठूलो धरौटीभन्दा बलियो आधार आचारसंहिता, पारदर्शिता, स्वार्थको द्वन्द्वको खुलासा, सत्यापनयोग्य सूचना, पेसागत योग्यता, अभिलेखीकरण र लक्षित अनुगमन हुनसक्छ।

राम्रो नियमावलीले कुनै एउटा पक्षलाई मात्र नियन्त्रण गर्दैन। यसले विद्यार्थी, अभिभावक, परामर्शदाता, शैक्षिक प्रदायक र राज्यबीच अधिकार, कर्तव्य, सीमा र उत्तरदायित्वको स्पष्ट सम्बन्ध निर्माण गर्छ। प्रस्तावित नियमावलीको मूल उद्देश्य कसैलाई कमजोर बनाउने होइन, गलत अभ्यास रोक्दै जिम्मेवार परामर्श सेवाको स्तर माथि उठाउने हुनुपर्छ। पहिले सेवा र उद्देश्य स्पष्ट गर्ने, त्यसपछि सरोकारवालाको भूमिका र जिम्मेवारी निर्धारण गर्ने, त्यसपछि पेसागत आचारसंहिता र मापदण्ड बनाउने अनिमात्र दायित्व, धरौटी, प्रतिबन्ध र दण्डको व्यवस्था गर्ने क्रमले नियमावलीलाई केवल नियन्त्रणको दस्तावेज होइन, शैक्षिक परामर्श क्षेत्रलाई विश्वसनीय, जिम्मेवार र प्रतिष्ठित पेसागत सेवाका रूपमा विकास गर्ने आधार बनाउन सक्छ। विद्यार्थीको अधिकार, पेसागत स्वतन्त्रता र राज्यको नियामक जिम्मेवारीबीच न्यायोचित सन्तुलन कायम गर्ने राम्रो नियमावली निर्माण गर्नु आजको आवश्यकता हो। (लेखक शिक्षा तथा शैक्षिक परामर्श क्षेत्रमा सक्रिय हुनुहुन्छ।)

**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# ‘मेलमिलाप’लाई प्रोत्साहन गर्न हुँदैछ, कानुनमा संशोधन

**कालिका खड्का**

काठमाडौँ, २९ साउन (रासस)।

घर-समाजका सामान्य विवाद पनि अदालतमा पुग्ने बाध्यता अहिले पनि कायमै रहेको छ। अदालतमा पुगेका मुद्दाको बहस र सुनुवाइ प्रक्रिया आफैँमा लामो हुन्छ। फैसला हुँदा एक पक्ष खुसी र अर्को पक्ष दुःखी हुने स्थिति छँदैछ।

अदालतको बहस र सुनुवाइबिना नै मेलमिलाप मार्फत मुद्दा टुङ्गो लाग्न सकेमा झगडिया पक्षलाई ‘विन-विन’ साथै अदालतलाई पनि मुद्दाको चाप व्यवस्थापनमा सहज हुन्छ। नेपालमा मेलमिलाप प्रक्रिया र अभ्यास पुरानो होइन तर यसको प्रवर्द्धन र प्रोत्साहन नहुँदा पछिल्लो सफलता दर त्यत्ति सन्तोषजनक छैन। न्यायालयबाट मेलमिलापको माध्यमबाट विवाद समाधान भएको पछिल्लो अवस्थालाई हेर्दा गत आर्थिक वर्षमा सर्वोच्च, उच्च र जिल्ला अदालतमा कुल ५५ हजार ६९० मुद्दामा मेलमिलाप भएको देखिन्छ। त्यस वर्षमा आठ हजार २१० विवाद मेलमिलापमार्फत समाधान भएका छन् भने ४० हजार ३७१ मुद्दा मेलमिलाप हुन नसकेको देखिन्छ। सबै अदालतमा गरेर मेलमिलापको प्रक्रियामा छ हजार ९८९ मुद्दा रहेका छन्। सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार न्यायालयबाट मेलमिलापबाट विवाद समाधानको समग्र सफलता दर १७ प्रतिशत रहेको छ। सर्वोच्च अदालतमा गत आर्थिक वर्ष १२९ मुद्दामा नौ मुद्दा मेलमिलाप हुन सफल भएका थिए भने ८० मुद्दा असफल भएका छन्। जम्मा ४० मुद्दा टुङ्गो लाग्न बाँकी छ। उच्च अदालतहरूमा २८ हजार ४४१ मुद्दा रहेकामा चार हजार १७५ मेलमिलाप हुन सफल भएको छ भने २० हजार ६११ मुद्दा असफल भएको छ। तीन हजार ५३५ मिलाप हुन बाँकी रहेको छ। त्यस्तै, मेलमिलापतर्फ जिल्ला अदालतमा कुल २७ हजार १२० मुद्दा भएकामा चार हजार २६ सफल भएको भने १९ हजार ६८० असफल भएको छ। तीन हजार ४१४ मुद्दा बाँकी रहेको छ।

**कानुन संशोधनमार्फत मेलमिलापलाई प्रोत्साहनको पहल**

मेलमिलाप प्रक्रियाको पहुँचलाई सरलीकृत गर्दै स्थानीय तहसम्म विस्तार गर्न सरकारले कानुनी संशोधन अघि बढाएको छ। छिटो, छरिटो र सरल प्रक्रियाबाट मेलमिलाप गराई न्यायमा सर्वसाधारणको पहुँच बढाउन नेपाल सरकारले ‘मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३’ प्रतिनिधिसभामा प्रस्तुत गरेको हो। यो विधेयक पारित भई कार्यान्वयनमा गएपछि घर झगडादेखि सामाजिक विवादसम्मका मुद्दा मिलाउन अदालत नै धाउनुपर्ने बाध्यता घट्ने देखिएको छ। मेलमिलापको पहुँच स्थानीय समुदायसम्म विस्तार गर्ने उद्देश्य सरकारले मेलमिलापसम्बन्धी कानुनमा सामयिक परिवर्तनको प्रस्ताव गरेको हो।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले मेलमिलापको माध्यमबाट छिटो, छरिटो र सरल प्रक्रियाबाट न्यायमा सर्वसाधारणको पहुँच बढाउन मेलमिलापसम्बन्धी कार्य प्रदेश र स्थानीयस्तरसम्म विस्तार गर्न सङ्घीय संरचनाबमोजिम ऐनलाई परिमार्जन गरी ‘मेलमिलापसम्बन्धी ऐन, २०८३’ लाई समसामयिक बनाउन नयाँ कानुन ल्याइएको बताउनुभयो। उहाँले यस आर्थिक वर्षलाई सरकारले कानुन सुधारको वर्षका रुपमा घोषणा गरेकाले विभिन्न विधेयक पेस गर्ने क्रममा यो विधेयक प्राथमिकतामा परेको जनाउनुभयो।

यही साउन १४ गते प्रतिनिधिसभामा दर्ता भएको सो विधेयकलाई मन्त्री गौतमले प्रतिनिधिसभाको साउन २५ गतेको बैठकमा प्रस्तुत गर्नुभएको थियो। मन्त्री गौतमका अनुसार प्रस्तावित संशोधन विधेयकको मूल उद्देश्य मेलमिलाप प्रक्रियालाई प्रभावकारी बनाउनुका साथै यसको पहुँच स्थानीयस्तरसम्म विस्तार गर्नु रहेको सदनलाई जानकारी दिनुभयो।

विधेयकले विवाद समाधानमा मेलमिलापकर्ताको सङ्ख्यासम्बन्धी व्यवस्था सरलीकृत गरी विवाद समाधान गर्ने, पाँच जना वा सोभन्दा बढी न्यायाधीश भएको जिल्लामा जिल्ला न्यायाधीशमध्येबाट प्रधानन्यायाधीशले तोकेको न्यायाधीशले त्यस्तो अदालत पक्षबाट कुनै सेवासुविधा नलिई काम गर्नसक्ने व्यवस्था गरेको छ।

वाणिज्य क्षेत्रसँग विवादित मुद्दा मेलमिलापबाट समाधान गर्ने वाणिज्य क्षेत्र मेलमिलाप प्रवर्द्धन समिति गठन गर्ने, मेलमिलाप समन्वय समितिको संरचनालाई प्रदेश र जिल्लामा विस्तार गर्ने, सामुदायिक मेलमिलापको कार्यलाई व्यवस्थित बनाउने स्थानीय तहमा सामुदायिक मेलमिलाप केन्द्र बनाउने व्यवस्था विधेयकमा रहेको छ। विधेयक पारित भएमा स्थानीय तहमा मेलमिलापकर्ताका लागि स्नातक उपाधि हासिल गरेका व्यक्ति उपलब्ध नभएमा कम्तीमा माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरेका व्यक्तिहरूले मेलमिलापकर्ताको रुपमा काम गर्न सक्नेछन्। विधेयकमा मेलमिलापसम्बन्धी कार्यलाई सहज बनाउन श्रव्यदृश्यमार्फत गर्न सकिने व्यवस्था गरिएको छ।

**न्यायाधीशले नै मेलमिलाप गराउने अन्तरराष्ट्रिय अभ्यास**

मेलमिलाप परिषद् नेपालका सदस्य एवं वरिष्ठ अधिवक्ता विष्णुमाया भुसाल अदालतमा मुद्दा गएपछि न्यायाधीशबाट न्याय पाइन्छ भन्ने कतिपय सेवाग्राहीको सोच हुनु आफैँमा अन्यथा होइन तर न्यायालयमा मेलमिलाप गराउने खालका न्यायाधीश पनि हुनुहुन्छ भन्ने सबैलाई थाहा नहुँदा मेलमिलाप प्रक्रियाले सोचे जति गति नलिएको बताउनुभयो। “मेलमिलाप गराउन बस्ने न्यायाधीशले अन्तिम फैसला गर्न नपाउने गरी यसमा व्यवस्था गरिएको छ। यसले फाइदा नै गर्छ। मूलतः न्यायाधीश नै ठूलो हो, न्यायाधीशले नै न्याय दिने हो भन्ने बुझाई सेवाग्राहीको हुन्छ। यस्तो खालको व्यवस्था जापान, कोरिया, फिलिपिन्समा पनि छ। न्यायाधीशले पनि मिल्नुपर्छ भनेर भनेमा ‘कन्भिन्स’ गर्न सहज हुन्छ”, वरिष्ठ अधिवक्ता भुसालले भन्नुभयो, “यो संशोधन मेलमिलाप परिषद्मै प्रारम्भिक मस्यौदा बनाएर कानुन मन्त्रालयमा पठाइएको हो। कानुन सचिव परिषद्को पदेन सदस्य हुने व्यवस्था छ। हामीले धेरै छलफल र परामर्श गरेर नै विधेयकको मस्यौदा बनाएका हौं।”

व्यापारिक कारोबारका विवाद लामो समयसम्म अदालतमा विचाराधीन रहँदा व्यवसायको समय, लागत र सम्बन्धमा असर पर्नसक्ने भएकाले छिटो विवाद समाधानको वैकल्पिक माध्यमका रूपमा मेलमिलापलाई विस्तार गर्न सरकारले कानुनी संशोधन प्रस्ताव गरिएको देखिन्छ। मेलमिलापकर्ताले विवादका दुवै पक्षलाई समान अवसर प्रदान गर्दै सहमतिका लागि सहज वातावरण सिर्जना गर्नुपर्ने भएकाले उनीहरूको क्षमता, निष्पक्षता र व्यावसायिक दक्षता महत्वपूर्ण हुन्छ। यसका लागि मेलमिलाप परिषद्ले आधारभूत तथा उन्नत तालिम सञ्चालन गर्दै आएको छ। परिषद्को उन्नत तालिममा सूचीकृत भई कम्तीमा दुईवटा विवादमा मेलमिलापकर्ताका रूपमा अनुभव हासिल गरेका व्यक्तिलाई सहभागी गराउने व्यवस्था रहेको छ।

नेपालमा अदालत बाहिर विवाद समाधान गर्ने प्रभावकारी माध्यमका रूपमा मेलमिलापको अभ्यास पहिलादेखि नै हुँदै आएको छ। पक्षहरूबीच संवाद गराएर उनीहरूकै सहमतिमा विवाद समाधान गर्ने भएकाले मेलमिलापले समय, खर्च र सामाजिक सम्बन्ध जोगाउन सहयोग पुऱ्याउने अपेक्षा गरिन्छ तर मेलमिलापको संस्थागत संरचना, दक्ष जनशक्ति, समन्वय र स्थानीय तहसम्म यसको पहुँचलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिँदै आएको छ। यही आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रस्तावित संशोधनले विद्यमान व्यवस्थालाई सङ्घीय संरचना अनुकूल बनाउने प्रयास गरेको छ।

**प्रस्तावित विधेयकका व्यवस्था**

प्रस्तावित व्यवस्थाको महत्वपूर्ण पक्षका रूपमा प्रदेश र जिल्लास्तरमा ‘मेलमिलाप समन्वय समिति’ गठन गर्ने अवधारणा रहेको छ। यसले सम्बन्धित तहमा मेलमिलापसम्बन्धी कामको समन्वय, सहजीकरण, अनुगमन तथा प्रवर्द्धनमा भूमिका खेल्ने अपेक्षा गरिएको छ। यसले मेलमिलापको कामलाई केवल अदालत वा केन्द्रीय संरचनामा सीमित नराखी प्रदेश, जिल्ला र स्थानीय तहसँग जोड्ने बाटो खोल्ने जानकारहरूको बुझाई रहेको छ।

स्थानीयस्तरमा हुने स-साना विवाद लामो समयसम्म अदालतमा पुग्दा पक्षहरूको समय र आर्थिक स्रोत खर्च हुने गरेको छ। छिमेकी बीचको विवाद, लेनदेन, पारिवारिक तथा सामाजिक प्रकृतिका विवादलाई संवाद र सहमतिका माध्यमबाट टुङ्ग्याउन सके अदालतको कार्यबोझसमेत कम हुन सक्छ।

विभिन्न स्थानीय तहमा न्यायिक समितिका अतिरिक्त यसअघि नै सामुदायिक तथा नगरस्तरीय मेलमिलाप केन्द्र सञ्चालनमा रहेका छन्। उदाहरणका रूपमा पुतलीबजार नगरपालिकाले नगरस्तरीय मेलमिलाप केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि जारी गरेको छ भने रत्ननगर नगरपालिकामा नगरस्तरीय मेलमिलाप समन्वय समिति गठन तथा पुनर्गठनको अभ्याससमेत भएको देखिन्छ। विधेयकले मेलमिलापकर्ताको नियुक्ति तथा व्यवस्थापनसम्बन्धी प्रक्रियालाई समेत सरलीकृत गर्ने प्रस्ताव गरेको छ। दक्ष र पर्याप्त सङ्ख्यामा मेलमिलापकर्ता उपलब्ध गराउनु मेलमिलाप प्रणालीको प्रभावकारिताका लागि महत्वपूर्ण मानिन्छ।

प्रस्तावित संशोधन कार्यान्वयनमा आएमा मेलमिलापकर्ताको उपलब्धता, नियुक्ति र कार्यसम्पादनलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ। प्रस्तावित कानुनी सुधारले व्यक्तिगत तथा सामाजिक विवादमा मात्र नभई व्यावसायिक तथा वाणिज्य विवादको मेलमिलापमार्फत समाधान गर्ने वातावरणलाई समेत प्रोत्साहन गर्ने उद्देश्य राखेको छ।

---

**मधेश...**

सार्वजनिक गर्ने निर्णय गरिएको छ। यस निर्णयले प्रदेशको कृषि चक्र र खाद्य शृङ्खलालाई जलवायु उत्थानशील बनाउन अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा निजी क्षेत्रको लगानी भित्र्याउन सहयोग पुग्ने अपेक्षा छ।

त्यस्तै प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यको नीतिगत व्यवस्था अनुसार २०८३ साउन १ गतेदेखि लागू हुने गरी प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका सम्पूर्ण श्रेणी र तहका कर्मचारीहरूको सुरु स्केलको आधारभूत तलबमा १० प्रतिशत वृद्धि गरी नयाँ तलबमान, ग्रेड रकम तथा अधिकतम ग्रेड सङ्ख्या स्वीकृत गरिएको छ।

स्थानीय सेवाका कर्मचारीको हकमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (८) बमोजिम यो निर्णय प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ। कर्मचारीको मनोबल उच्च बनाउँदै सेवा प्रवाहलाई नतिजामुखी र पारदर्शी बनाउन सुरु तलब स्केलको अधिकतम १० प्रतिशतसम्म ‘कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८३’ स्वीकृत गरिएको छ।

कुल १०० अङ्क भारमध्ये न्यूनतम ७५ अङ्क प्राप्त गर्ने कर्मचारीले मात्र यो भत्ता पाउनेछन्। यसका लागि विद्युतीय हाजिरी अनिवार्य गरिएको छ भने मूल्याङ्कन, रुजु र सिफारिसका लागि प्रत्येक कार्यालयमा तीन सदस्यीय ‘परीक्षण इकाई’ गठन गरिनेछ।

यसैगरी सरकारी खर्चमा मितव्ययिता, वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न अर्थ मन्त्रालयबाट पेस भएको ‘मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८३’ स्वीकृत गरिएको छ। यस निर्देशिकाको कार्यान्वयनसँगै सरकारी कोषको समुचित प्रयोग हुने र फजुल खर्च नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यस्तै प्रदेश सरकार र अन्य सार्वजनिक निकायमा प्रयोग भइरहेका सरकारी सवारी साधनको व्यवस्थापन, खरिद, सञ्चालन, मर्मत सुधार तथा रेखदेखका विषयमा मापदण्ड तर्जुमा गर्न विभिन्न मन्त्रालयको प्रतिनिधित्व हुने गरी श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सचिवको संयोजकत्वमा समिति गठन गर्ने निर्णय भएको छ। समितिले १५ दिनभित्र कार्यविधि तर्जुमा गरी निर्णयका लागि पेस गर्नुपर्नेछ।

---

## विश्व समाचार

### श्रीलङ्कामा एक हजारभन्दा बढी विदेशी पक्राउ

कोलम्बो, २९ साउन (रासस/सिन्ह्वा)।

श्रीलङ्काली प्रहरीले साइबर अपराध तथा वित्तीय ठगीविरुद्धको कारबाही तीव्र पार्दै यस वर्ष हालसम्म २७ वटा अभियानमा एक हजार ९३ जना विदेशी नागरिकलाई पक्राउ गरेको छ। सङ्गठित रूपमा सञ्चालन भइरहेका अनलाइन ठगीका सञ्जाल ध्वस्त पार्ने उद्देश्यले प्रहरीले कारबाही अघि बढाएको प्रहरी प्रवक्ता एफयु वुटलले बिहीबार बताउनुभयो। मिडिया सम्मेलनमा प्रवक्ता वुटलले साइबर अपराध श्रीलङ्काका लागि प्रमुख सुरक्षा चुनौती बन्दै गएको बताउनुभयो। उहाँका अनुसार आपराधिक सञ्जालले श्रीलङ्का तथा विदेशमा रहेका व्यक्तिलाई लक्षित गर्न डिजिटल माध्यम, सामाजिक सञ्जाल र अनलाइन वित्तीय प्रणालीको प्रयोग बढाउँदै लगेका छन्।

प्रहरीका अनुसार सन् २०२४ मा साइबर अपराधसँग सम्बन्धित २६ वटा कारबाहीमा ५७३ जना विदेशी नागरिक पक्राउ परेका थिए। सन् २०२५ मा भने यस्ता दुईवटा कारबाहीमा २६ जना विदेशी पक्राउ परेका थिए। यस वर्ष पक्राउ पर्ने विदेशीको सङ्ख्या अघिल्ला दुई वर्षको तुलनामा उल्लेख्य रूपमा बढेको प्रहरीले जनाएको छ। प्रवक्ता वुटलका अनुसार यस्ता आपराधिक सञ्जाललाई रोक्न र अनलाइन वित्तीय अपराध नियन्त्रण गर्न रक्षा मन्त्रालय तथा प्रहरी महानिरीक्षकको निर्देशनमा विभिन्न निकायबीच समन्वय गरी विशेष कारबाही सञ्चालन भइरहेको छ।

कारबाहीका क्रममा पक्राउ परेका विदेशी नागरिकलाई निर्वासन गर्ने वा सम्बन्धित देशमा फिर्ता पठाउने प्रक्रिया पनि अघि बढाइएको उहाँले बताउनुभयो। श्रीलङ्काली प्रहरीले घरधनी, होटल सञ्चालक तथा व्यावसायिक भवनका मालिकलाई आफ्नो परिसर भाडामा लिन आउने विदेशी नागरिकको पहिचान तथा सम्बन्धित कागजात सावधानीपूर्वक जाँच गर्न आग्रह गरेको छ। विदेशी नागरिक भाडामा बस्ने वा भाडामा लिएको परिसरबाट बाहिरिने अवस्थामा नजिकको प्रहरी कार्यालयलाई जानकारी गराउनुपर्ने कानुनी व्यवस्था रहेको प्रवक्ता वुटलले बताउनुभयो।

प्रहरीका अनुसार केही संदिग्ध साइबर अपराध सञ्जालले भाडाका घर, अपार्टमेन्ट, होटल तथा व्यावसायिक भवनलाई आफ्नो गतिविधि सञ्चालन गर्ने आधारका रूपमा प्रयोग गर्दै आएका छन्। त्यसैले यस्ता स्थानमा बस्ने विदेशी नागरिक तथा उनीहरूको गतिविधिबारे आवश्यक सतर्कता अपनाउन प्रहरीले आग्रह गरेको छ। श्रीलङ्काली प्रहरीले अनलाइन ठगी तथा वित्तीय अपराधमा संलग्न सञ्जालको पहिचान, नियन्त्रण र विघटनका लागि आगामी दिनमा पनि संयुक्त कारबाहीलाई निरन्तरता दिने जनाएको छ।

### भारतमा सुरुङ दुर्घटना, सातको मृत्यु

नयाँदिल्ली, २९ साउन (रासस/एएफपी)।

भारतको हिमाली राज्य उत्तराखण्डमा निर्माणाधीन सुरुङमा पानी र भग्नावशेषसहित पहिरो खस्दा कम्तीमा सात जना कामदारको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्। बिहीबार राति भएको दुर्घटनापछि तीन जना अझै बेपत्ता रहेको अधिकारीहरूले शुक्रबार बताएका छन्। राज्यद्वारा सञ्चालित जलविद्युत् परियोजनाका लागि सुरुङ निर्माण भइरहेको स्थानमा दुर्घटना भएको हो। राज्य विपद् व्यवस्थापन प्राधिकरणका अनुसार टिहरी जलविद्युत् निगमको निर्माणस्थलबाट १९ जना कामदारलाई उद्धार गरिएको छ। घाइते १३ जनाको उपचार भइरहेको जनाइएको छ।

स्थानीय अधिकारीहरूले सार्वजनिक गरेको दृश्यमा उद्धारकर्मीहरूले टाउकोमा बत्ती जडान गरेका अस्थायी डुङ्गा प्रयोग गरेर पानी भरिएको सुरुङ क्षेत्रमा पुगेर खोजी तथा उद्धार गरिरहेको देखिएको छ। बेपत्ता कामदारको खोजी जारी रहेको छ। उत्तराखण्डमा पछिल्ला दिनमा परेको भारी मनसुनी वर्षाका कारण बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का घटना बढेका छन्। हिमाली भूभागमा लगातारको वर्षाले सडक, बस्ती र निर्माणस्थलमा जोखिम थपिएको अधिकारीहरूले बताएका छन्।

भारतका ठूला निर्माणस्थलमा दुर्घटना हुने गरेका छन्। तर वातावरणविद्हरूले कमजोर हिमाली भूभागमा अत्यधिक र अव्यवस्थित विकास परियोजना सञ्चालन गर्दा प्राकृतिक विपद्को जोखिम झन् बढिरहेको चेतावनी दिँदै आएका छन्। गत महिना दुर्गम उत्तरपूर्वी राज्य सिक्किममा राज्यद्वारा सञ्चालित अर्को जलविद्युत् परियोजनाको सुरुङ निर्माणका क्रममा २० जना कामदारको मृत्यु भएको थियो। त्यसअघि सन् २०२३ मा उत्तराखण्डकै निर्माणाधीन सुरुङमा पहिरो खस्दा ४१ जना कामदार १७ दिनसम्म सुरुङभित्र फसेका थिए। उनीहरूलाई लामो उद्धार अभियानपछि सुरक्षित निकालिएको थियो। भारतमा जुनमा वार्षिक मनसुन सुरु भएयता बाढी र पहिरोका कारण देशभर सयौँ मानिसको मृत्यु भइसकेको छ। विज्ञहरूले अव्यवस्थित विकाससँगै जलवायु परिवर्तनका कारण यस्ता विपद्को आवृत्ति, तीव्रता र प्रभाव बढिरहेको बताएका छन्।

### विषाक्त खानाबाट इन्डोनेसियामा २६९ विद्यार्थी बिरामी

जकार्ता, २९ साउन (रासस/सिन्ह्वा)।

इन्डोनेसियाको उत्तरी सुमात्रा प्रान्तमा खाना खाएपछि बिरामी परेका कम्तीमा २६९ विद्यार्थीलाई अस्पताल भर्ना गरिएको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार कारो रिजेन्सीका पाँच विद्यालयका विद्यार्थीमा बिहीबारदेखि खाना विषाक्तताका लक्षण देखिएपछि उनीहरूलाई उपचारका लागि अस्पताल लगिएको हो। बिरामी विद्यार्थीमा वाकवाकी लाग्ने, बान्ता हुने, छालामा एलर्जी देखिने तथा केहीलाई सास फेर्नसमेत गाह्रो हुने समस्या देखिएको छ। उनीहरूलाई स्थानीय अस्पतालमा उपचारका लागि भर्ना गरिएको अधिकारीहरूले बताएका छन्।

स्थानीय शिक्षा अधिकारी जुल्करनैन बारुसले विद्यार्थीले खाएको माछाको तरकारीमा समस्या भएको आशङ्का गरिएको बताउनुभयो। उक्त खाना आपूर्ति गर्ने भान्साबाट नमुना सङ्कलन गरी प्रयोगशाला परीक्षणका लागि पठाइएको उहाँले जानकारी दिनुभयो। बारुसले अस्पताल भर्ना भएका सबै विद्यार्थीको अवस्था अहिले स्थिर रहेको पुष्टि गर्नुभयो। घटनाबारे सम्बन्धित निकायले थप अनुसन्धान गरिरहेको छ।

# राष्ट्रिय पाठ्यक्रम प्रारूप समयसापेक्ष बनाउने तयारी, प्रतिवेदनलाई प्राथमिकता

काठमाडौँ, २९ साउन (रासस) ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई समयसापेक्ष र व्यावहारिक बनाउने उद्देश्यले गठित कार्यदलले प्रतिवेदनलाई प्राथमिकताका साथ अन्तिम रूप दिने निर्णय गरेको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयमा बिहीबार सम्पन्न कार्यदलको सातौँ बैठकले बदलिँदो शैक्षिक, सामाजिक तथा प्रविधिगत परिवेशअनुसार पाठ्यक्रमलाई समयानुकूल बनाउने निष्कर्ष निकालेको हो । बैठकमा कार्यदलअन्तर्गत रहेका १२ वटा थिमेटिक समूहको प्रगतिको समीक्षा गरिएको थियो । थिमेटिक समूहका सदस्यहरूले आफ्नो समूहको कार्य प्रगति, कार्य व्यवस्था र विश्लेषण प्रस्तुत गरेका थिए ।

शिक्षा तथा खेलकुद मन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले आगामी शैक्षिक सत्रदेखि नै कार्यान्वयन गर्न सकिने गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले पाठ्यक्रमलाई विद्यार्थीमैत्री र व्यावहारिक बनाउँदै विद्यार्थीमाथिको पुस्तकको बोझ घटाउनुपर्ने बताउनुभयो । उहाँले विद्यार्थीको सिकाइ उपलब्धि र नतिजामा सकारात्मक प्रभाव पार्नेगरी पाठ्यक्रम निर्माण गर्नुपर्ने तथा विश्वविद्यालयले यसको स्वामित्व ग्रहण गर्नुपर्ने धारणा राख्नुभयो ।

पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले सबै सरोकारवालाको परामर्श र समन्वयबाट पाठ्यक्रम प्रारूपलाई छिट्टै निष्कर्षमा पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । कार्यदलका संयोजक प्रा डा बालचन्द्र लुइँटेलले पर्याप्त छलफल र तयारीपछि मात्रै प्रतिवेदनलाई अन्तिम रूप दिनुपर्नेमा जोड दिनुभयो ।

बैठकमा शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन) तथा उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान) लगायतका प्रतिनिधिको सहभागिता थियो । राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८औँ बैठकको निर्णयअनुसार गत वैशाखको तेस्रो साता प्रा डा बालचन्द्र लुइँटेलको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो ।

कार्यदलमा डा लेखनाथ पौडेल, डा मिनाक्षी दाहाल, डा अमिना सिंह, पवित्रबहादुर गौतम, प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सागेन्द्र श्रेष्ठ, रिचा न्यौपाने र रेवती कार्की सदस्य तथा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक सदस्यसचिव रहनुभएको छ । मन्त्रालयका अनुसार बदलिँदो परिवेशअनुसार विद्यालय शिक्षाको पाठ्यक्रमलाई समयसापेक्ष बनाउने तथा नैतिक शिक्षालगायत विषयलाई पाठ्यक्रममा समावेश गर्ने उद्देश्यले कार्यदल गठन गरिएको हो ।

# साइबर अपराधमा २० हजारभन्दा बढी उजुरी, १ सय ५५ जना पक्राउ

काठमाडौँ, २९ साउन (रासस) ।

इमेलमा अश्लील सन्देश पठाई महिलाको चरित्र हत्या गर्ने नुवाकोटका ३४ वर्षीय सुरेन्द्रप्रसाद खनाल गत असार २६ गते पक्राउ परे ।

सामाजिक सञ्जाल फेसबुक ह्याक गरी अनधिकृत पहुँच पुर्‍याएर ठगी गर्ने नुवाकोटके १९ वर्षीय विवेक सुनारलाई पनि असार २४ गते पक्राउ गरियो । त्यसैगरी इसेवाको कर्मचारी हुँ भन्दै ठगी गर्ने रौतहटका २२ वर्षीय शुभम साहलाई पनि सुरक्षाकर्मीले असार २ गते नियन्त्रणमा लिएका थिए ।

सुरेन्द्र, विवेक र शुभम प्रतिनिधि पात्र मात्र हुन् । उनीहरूजस्तै सामाजिक सञ्जालको दुरुपयोग गरी पीडितलाई ब्ल्याकमेल गर्ने, ठगी गर्ने, अनलाइन स्क्यामिङ गर्ने, सफ्टवेयर कम्पनीको स्रोत संकेत (सोर्स कोड) मा अनधिकृत पहुँच पुर्‍याउनेलगायत विद्युतीय कसुरमा संलग्नलाई सीमित स्रोतसाधनका बाबजुद उपलब्ध प्रविधिको उच्चतम प्रयोग गरी कानुनी दायरामा ल्याउन साइबर ब्यूरो सक्रिय रहेको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।

आर्थिक वर्ष २०८२/८३ को साउनदेखि असार मसान्तसम्म साइबर अपराधसम्बन्धी २० हजार ५२६ वटा निवेदन प्रहरीमा दर्ता भएका छन् । सो अवधिमा साइबर अपराधमा १६१ वटा मुद्दा दर्ता भएका थिए भने १५५ जना पक्राउ परेका थिए ।

दर्ता भएका निवेदनमध्ये सामाजिक सञ्जालतर्फ फेसबुक/म्यासेन्जरको दुरुपयोगका सात हजार १२३, टिकटकका छ हजार ७७६, ह्वाट्सएपका तीन हजार १०५, टेलिग्रामका एक हजार ३१, इन्स्टाग्रामका ६२८, इमेलका ११४, भाइबरका २१, इमोका ३८, युट्युबका ६४, वीच्याटका १४, ट्वीटरका ११, गुगलका ११, इसेवा/खल्ती/बैंक खाता/एसएमएसका ७४४ र संस्थासम्बन्धी ८४६ वटा रहेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा १८ हजार ९२६ र आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ७३० वटा साइबर अपराधसम्बन्धी निवेदन प्रहरीमा दर्ता भएका थिए ।

साइबर अपराधको पछिल्लो प्रवृत्तिबारे साइबर ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले सामाजिक सञ्जालको प्रयोगसँगै यसको दुरुपयोग पनि बढिरहेको बताउनुभयो । उहाँका अनुसार पछिल्ला दुई आर्थिक वर्षका उजुरीको प्रवृत्ति हेर्दा विशेषगरी बैंक तथा वालेट कार्यालयबाट बोलेको भन्दै पीडितको बैंक खातामा पहुँच पुर्‍याएर ठगी गर्ने, गिफ्ट, लोट्री तथा पार्सल पठाएको भन्दै ठगी गर्ने, प्रेम सम्बन्धमा पारेर ठगी गर्ने, वैदेशिक रोजगारीको प्रलोभन देखाई ठगी गर्ने, टेलिग्राम, ह्वाट्सएप तथा इन्स्टाग्राममा अनलाइन जबको प्रलोभन देखाएर ठगी गर्ने र अनलाइन सपिङका नाममा ठगी गर्ने प्रवृत्ति बढेको छ ।

प्रविधिको दुरुपयोगका कारण अपराधका नयाँ शैली र प्रवृत्ति देखिन थालेपछि अपराध अनुसन्धान कार्य थप चुनौतीपूर्ण बन्दै गएको छ । यस्ता चुनौतीको सामना गर्दै प्रविधिको प्रयोगबाट हुनसक्ने अपराधको रोकथाम तथा सफल अनुसन्धान गर्ने उद्देश्यले नेपाल सरकारको २०७५ जेठ २७ गतेको निर्णयबाट साइबर ब्यूरो स्थापना गरिएको हो ।

ब्यूरोलाई थप प्रविधियुक्त बनाउँदै प्रहरी कर्मचारीको साइबर अपराध तथा सुरक्षासम्बन्धी क्षमता अभिवृद्धि गर्नुका साथै आम नागरिकमा साइबर सुरक्षासम्बन्धी सचेतना फैलाउने विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । प्रविधिको प्रयोगबाट हुने अपराधको रोकथाम तथा अनुसन्धानमा नेपाल प्रहरी सक्रिय रहँदै आएको छ ।

साइबर अपराधमा संलग्नलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा कारबाही हुने गरेको छ ।

# लागुऔषध गाँजासहित भारतीय नम्बर प्लेटको मोटरसाइकल बरामद

**दैनिक समाचारदाता**
**सिरहा, २९ साउन ।**

सशस्त्र प्रहरी बल नम्बर ७ गण हेडक्वार्टर सिरहाले औरही गाउँपालिका-४ खजनपुरबाट ४९ किलो ७६० ग्राम प्रतिबन्धित लागुऔषध गाँजासहित भारतीय नम्बर प्लेटको मोटरसाइकल बरामद गरेको छ ।

शुक्रबार बिहान करिब ३:२२ बजेको समयमा सशस्त्र प्रहरी बल नम्बर ७ गण हेडक्वार्टर सिरहाबाट खटिएको गस्ती टोलीले नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा भारतीय नम्बर प्लेट बीआर ३२ एम ३०५७ को मोटरसाइकललाई नियन्त्रणमा लिन खोजेको थियो ।

प्रहरी टोलीलाई देखेपछि मोटरसाइकल चालकले सवारी छाडेर फरार भएको सशस्त्र प्रहरीले जनाएको छ । त्यसपछि मोटरसाइकलमा रहेको बोरा जाँच गर्दा ४९ किलो ७६० ग्राम गाँजा फेला परेको सशस्त्र प्रहरी नम्बर ७ हेडक्वार्टर सिरहाका प्रमुख सुमनजङ्ग थापाले जनाए ।

सशस्त्र प्रहरीले बरामद गाँजा र मोटरसाइकल नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कानुनी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय सिरहामा बुझाएको छ। फरार भएका मोटरसाइकल चालकको खोजी तथा घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मानवअधिकार आयोगका प्रतिवेदन कार्यान्वयन गर्न समितिको जोड

काठमाडौँ, २९ साउन (रासस) ।

राष्ट्रियसभाअन्तर्गतको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले राष्ट्रिय मानवअधिकार आयोगले तयार पारेका प्रतिवेदन तथा सिफारिस कार्यान्वयनमा जोड दिएको छ ।

समितिको शुक्रबारको बैठकमा राष्ट्रिय मानवअधिकारको वर्तमान अवस्था तथा आयोगका विभिन्न प्रतिवेदनको कार्यान्वयनका बारेमा भएको छलफलमा समिति सदस्यहरूले नागरिकका अधिकारसँग जोडिएका विषयमा सरकारको ध्यानाकर्षण गराउँदै आयोगका सिफारिस कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगप्रति नागरिकको विश्वास रहेकाले मानवअधिकार उल्लङ्घनसँगै न्याय प्रशासनमा ढिलाइ, उजुरी नलिने तथा अनुसन्धान नभएका विषयका उजुरीसमेत आयोगमा आउने गरेका बताउनुभयो । उहाँले सबै समस्याको समाधान आयोगबाट मात्रै सम्भव नहुने भन्दै राज्यका सम्बन्धित निकायसँग सहकार्य र समन्वय आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

आयोगका सचिव मुरारीप्रसाद खरेलले प्राकृतिक विपद्, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका घटना बढिरहेका उल्लेख गर्नुभयो । भौगोलिक विकटताका कारण कर्णालीसहितका क्षेत्रमा नागरिकले अधिकारको पूर्ण प्रत्याभूति गर्न नपाएकामा आयोगको ध्यानाकर्षण भएको बताउँदै हरेक नागरिकले आफ्नो अधिकार प्रत्याभूति गर्न पाउनुपर्नेमा आयोगको जोड रहेको उल्लेख गर्नुभयो ।

वैदेशिक रोजगारीमा जाने नेपाली ठगी हुने, करार सम्झौताअनुसार काम नपाउने, जोखिममा पर्नेलगायत समस्यासम्बन्धी गुनासो आयोगमा धेरै आउने गरेका खरेलले बताउनुभयो । उहाँले मानवअधिकार उल्लङ्घनका उजुरीमाथि छानबिन गरी सरकारलाई सिफारिस गर्ने, मानवअधिकारको अवस्था अनुगमन गर्ने, राष्ट्रिय कानुनलाई अन्तरराष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धीसँग मिलाउन सिफारिस गर्ने तथा मानवअधिकार संस्कृतिको विकासमा काम आयोगले गर्दै आएको जानकारी दिनुभयो । आयोगका सिफारिस कार्यान्वयन भए/नभएको अनुगमन गर्ने जिम्मेवारीसमेत आयोगको रहेको उहाँले बताउनुभयो ।

समिति सदस्यहरू उदयबहादुर बोहरा, धर्मेन्द्र पासवान, सोनाम गेल्जेन शेर्पा, श्रीकृष्णप्रसाद अधिकारी, रोश्नी मेचे, विष्णुकुमारी सापकोटा, नारायणदत्त मिश्रलगायतले माइतीघरमा आन्दोलनरत नागरिकको माग, मधेस तथा कर्णालीमा दलित र महिलामाथि हुने विभेद, वैदेशिक रोजगारीमा हुने ठगी, सुकुमवासी तथा अव्यवस्थित बसोबास र महँगीका विषयमा आयोगसँग सहकार्य गर्दै सरकारको ध्यानाकर्षण गराउने काम निरन्तर गर्ने बताउनुभयो ।

उहाँहरूले नागरिक अधिकार संरक्षणका लागि सरकारलाई थप जवाफदेही बनाउनका लागि आयोगका प्रतिवेदन र सिफारिस कार्यान्वयन भए/नभएको अवस्थाका बारेमा समयमै समीक्षा गर्नुपर्नेमा जोड दिनुभयो ।

# निर्णय सच्याउन बारको माग

काठमाडौँ, २९ साउन (रासस) ।

नेपाल बार एशोसिएसनले संवैधानिक इजलासको छनोटपूर्ण गठन र तोक आदेशद्वारा विचाराधीन मुद्दा तोक्ने निर्णय सच्याउन माग गरेको छ । बारका महासचिव केदारप्रसाद कोइरालाले शुक्रबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा संवैधानिक इजलासको छनोटपूर्ण गठन र तोक आदेशद्वारा विचाराधीन मुद्दा तोक्ने निर्णय तत्काल सच्याउन माग गरिएको हो ।

विज्ञप्तिमा भनिएको छ, “खुला इजलाससमक्ष विचाराधीन मुद्दा पेसीका दिन बहस, छलफलद्वारा कुन इजलासमा पठाउने वा नपठाउने भन्ने विषय टुङ्गो लगाउने परम्परा र अभ्यास रहिआएकामा टिप्पणी आदेशको माध्यमबाट राष्ट्रिय महत्त्वको मुद्दा संवैधानिक इजलासमा सार्नु संवैधानिक मूल्यमान्यता अनुसार छैन ।”

## *तालिममा...*

उपचार गरिन् र तत्काल एम्बुलेन्स बोलाएर अस्पताल पठाउने व्यवस्था मिलाइन् । समयमै उद्धार र उपचारका लागि पहल गरिएपछि मुखियाको ज्यान जोगियो ।

गृहणी रहेकी मिनाले २०८२ पुषमा मात्र खोज तथा उद्धार (सीआरटी) सम्बन्धी तालिम लिएकी थिइन् । मर्सीकोर्प्स नेपाल र कोका-कोला फाउन्डेसनको सहयोग तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा आसमान नेपालले सञ्चालन गरेको ‘नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना’ अन्तर्गत उनले तालिम लिएकी हुन् ।

तालिममा उनले प्राथमिक उपचार, सर्पदंश, करेन्ट लाग्दा अपनाउनु पर्ने सावधानी, आगलागी तथा अन्य विपद्का समयमा उद्धारका आधारभूत उपायबारे सिकेकी थिइन् । तालिम सकेको एक महिना नपुग्दै सिकेको ज्ञान प्रयोग गर्ने अवस्था आएपछि त्यसको महत्व झनै महसुस भएको उनी बताउँछिन् ।

“तालिममा सिकेको सीपले नै मुखियाको ज्यान जोगाउन सफल भयौं,” मिना भन्छिन्, “विपद् परेको बेला आत्तिनु भन्दा कसरी सुरक्षित रूपमा उद्धार गर्ने भन्ने कुरा थाहा हुनु धेरै महत्वपूर्ण रहेछ ।”

मिनाको यो अनुभवले विपद् व्यवस्थापनका लागि समुदायस्तरमै तयार जनशक्ति हुनुको महत्व देखाएको छ ।

तालिम लिएर तयार भएका स्थानीय स्वयंसेवकले विपद्का बेला तत्काल उद्धार, प्राथमिक उपचार र सुरक्षित व्यवस्थापनमा भूमिका खेल्न सक्ने भएकाले यस्ता कार्यक्रमले समुदायको विपद् प्रतिरोधी क्षमता बढाउन सहयोग पुर्‍याएको मिनाको भनाई छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*